# कृषि तथा वन विज्ञान विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय
चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
नीलभवन, काठमाण्डौं

प.सं. २०७१/०७२ फा.नं.(२१४६) च.नं.

मिति २०७१।०७।०३

## सूची दर्ता गराउने सम्वन्धी सूचना

प्रकाशित मितिः २०७१/०७/४

यस विश्वविद्यालय अन्तर्गतका कार्यालय तथा निकायहरुलाई आ.ब.२०७१/०७२ को लागि आवश्यक पर्ने तपशील बमोजिमका सामान तथा सेवाहरु आपुर्ति गराउन ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सुची (स्टान्डिङ्ग लिष्ट) दर्ता गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु १०/- को टिकट टांसी यस विश्वविद्यालयमा रितपूर्वकको आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**खरिद तथा आपुर्तितर्फः**

१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) सप्लाई सम्वन्धी ।
२. ईलेक्ट्रोनिक्स / ईलेक्ट्रीकल उपकरण एवं सामानहरु सप्लाई तथा मर्मत सम्वन्धी ।
३. सेनेटरी सामानहरु सप्लाई तथा मर्मत सम्वन्धी ।
४. छपाई सम्वन्धी ।
५. विज्ञापन/सूचना प्रकाशन सम्वन्धी ।
६. भौतिक पूर्वाधार तथा परामर्श सेवा सम्वन्धी ।
७. निर्माण सामाग्रीहरु सप्लाई सम्वन्धी ।
८. भवन तथा खानेपानी निर्माण तथा मर्मत संभार सम्वन्धी ।
९. फर्निचर तथा फर्निसिङ्गका सामानहरु सप्लाई तथा मर्मत सम्वन्धी ।
१०. विभिन्न गाडी तथा मोटर पार्टपुर्जाहरु सप्लाई र मर्मत सम्वन्धी ।
११. पशुपंक्षीको दानाको कच्चा पदार्थ सप्लाई सम्वन्धी ।
१२. पशु पंक्षीको दाना सप्लाई सम्वन्धी ।
१३. पशु औषधि, भ्याक्सीन आदि सप्लाई सम्वन्धी ।
१४. मल, बीउबीजन, कीटनाशक औषधि आदि सप्लाई सम्वन्धी ।
१५. ल्यावमा प्रयोग हुने केमिकल्स र ग्लासवेयर आदि सप्लाई सम्वन्धी ।
१६. कृषि औजारहरु सप्लाई सम्वन्धी ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि ।
२. स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धिकरमा दर्ता हुनु नपर्नेको हकमा सोको आधिकारिक कागजातको प्रमाणित प्रतिलिपी ।
३. आ.व. आयकर र मुल्य अभिवृद्धि कर २०६९।०७० करचुक्ता गरेको प्रतिलिपि ।

# कृषि तथा वन विज्ञान विश्वविद्यालय

## रजिष्ट्रारको कार्यालय

## चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
लीनभवन, काठमाण्डौं

शर्तहरुः

१. म्याद नाघी पेश भएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन ।

२. सूचिकृत भएको विक्रेता फर्म वा कम्पनीहरुबाट कार्यालयको आवश्यकता अनुसारको सामान वा सेवा खरिद गर्न सकिनेछ ।

३. उपरोक्त कार्यका लागि छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ ।

४. कम्पनी फर्म वा संस्था सूचिकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५ सूचिकृत भएका फर्महरुले सन्तोषजनक सेवा तथा काम नगरेमा सूचिकृतबाट नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाइने छैन ।

६. सूचिकृत भएका फर्महरुको नामावली यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

डा. सूर्य कान्त घिमिरे
रजिष्ट्रार